# संघीयता, स्वशासन र स्वायत्तता र आदिवासी अधिकार सम्बन्धी जानकारीपत्र

**संघीयता के हो ?**

संघीयता भनेको सार्वभौमसत्ता विभिन्न राजनीतिक संरचनाको माध्यमबाट विविध समुदायले साझेदारी गर्ने व्यवस्था हो । अर्थात सत्ता, शासन तथा राज्यको स्रोतसाधन संघ, राज्य/प्रदेश, स्वायत्त/स्वाशासित क्षेत्र र स्थानीय निकायहरूमा बाँडफाँड गरिने शासन संचालन गरिने राजनीतिक प्रणाली नै संघीयता हो । केन्द्रमा जस्तै सरकार, विधायीका र अदालत प्रदेश र स्थानीय इकाईमा पनि रहेको हुन्छ । संघीयतामा राज्यशक्ति र अधिकार केन्द्रमामात्र रहनु हुँदैन भन्ने मान्यता छ । खासगरी संघीयताले सत्ता, शक्ति तथा राज्यको स्रोत विविध जाति समुदाय, क्षेत्र, तह र तप्काका जनताको अधिकतम् पहुँच तथा नियन्त्रण कायम गराउँछ । त्यसैले विविधता भएको देशमा संघीयताले सबैलाई समान अवसर र अधिकार र स्रोतमा पहुँच र नियन्त्रण गर्ने वातावरण सिर्जना गर्दछ । संघीयतामा आदिवासी जनजातिहरूलाई स्वायत्त र स्वशासनको अधिकार प्रदान गरी आफ्ना शासन आफै संचालन गर्ने व्यवस्था पनि मिलाइएको हुन्छ । त्यस्तै भाषिक, साँस्कृतिक तथा अल्पसंख्यकहरूको निम्ति विशेष रुपमा संरक्षित गरिने व्यवस्था पनि रहन्छ । संघीयतामा सबै जनताको साझेदारीमा शासन चल्दछ । विश्वमा विभिन्न प्रकारका संघीय मोडेलहरू रहेका छन् । संघीय राज्यहरूमा कुनैमा एउटै र कुनैमा प्रदेशको आ-आफ्नै संविधान रहेका हुन्छन् ।

विविधता भएको देशमा केन्द्रिकृत शासन व्यवस्था कायम रहे एउटै जातिले मात्र सत्ता र शक्तिमा प्रभुत्व कायम गर्छ भन्ने उदाहरण नेपाललाई लिन सकिन्छ । नेपालको संविधानमा नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भनिएको भए तापनि व्यवहारमा खस आर्य समुदायका कुलिनहरूले मात्र हलिमुहली गर्ने गरेको देखिन्छ । लामो समयसम्म केन्द्रीकृत शासन भएकोले नेपालमा सत्ता, शक्ति र स्रोत एक जातका सीमित कुलीनहरूको कब्जामा रहेको छ । संघीयतामा मुलुक गए पनि अहिलेसम्म त्यसको निरन्तरता कायम छ । त्यही कारण, आदिवासी, मधेशी, दलित, अल्पसंख्यक, महिला आदि वहिष्कृत, दमित र गरीबीको चपेटामा परेका छन् ।

**नेपालको संघीय मोडेल**

नेपालको संविधानको धारा ४ मा नेपाल राज्य संघीय लोकतान्त्रिक गणतन्त्रात्मक हो भनिएको छ । संविधानको धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ । सामाजिक, साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था छ । यद्यपी विशेष, संरक्षित वा स्वायत्त क्षेत्र राजनीतिक अधिकार रहने विषय छैन । स्थानीय तह र स्वायत्त क्षेत्र टुंगो लगाउन गठन भएको आयोगले नगरपालिका, गाउँपालिकाको विषयमा मात्र प्रतिवेदन गरेको छ । त्यसैमा केहि गाउँ पालिका थप गरेर सरकारले आयोगकै प्रतिवेदन अनुरुप स्थानीय निकाय बनाएको छ ।

यसबाट विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको व्यवस्था अर्थहीन देखिएको छ । पहिलो संविधानसभाको राज्य पुनर्संरचना समितिले जातीय, भाषिक र साँस्कृतिक रुपमा कम संख्यामा रहेका आदिवासी जनजातिलाई उनीहरूको पुर्ख्यौली थलोमा विशेष र स्वायत्त क्षेत्र रहने प्रस्ताव गरेको थियो ।

**के अब आदिवासी जनजातिहरूको स्वायत्त, विषेश र संरक्षित क्षेत्र बन्न सक्छ ?**

संविधानको धारा ५६(५) को व्यवस्थालाई यथावत राखेर आदिवासी जनजातिहरूको स्वायत्त, विषेश र संरक्षित क्षेत्र बन्न सक्दैन । किनकी संविधानले सांस्कृतिक संरक्षण वा आर्थिक विकासकालागिमात्र यस्ता संरचना निर्माण गर्ने परिकल्पना गरेको छ । यो प्रावधान आदिवासी जनजातिकोलागि भन्ने किटान छैन र स्वःशासनको व्यवस्था पनि उल्लिखित छैन । प्राविधिक हिसाबले आदिवासी जनजातिको सघन बसोबास भएका पुर्ख्यौली थातथलोहरू भिन्न-भिन्न गाउँपालिकामा विभाजन गर्दा जातीय जनसंख्या नै विभाजन गरी कम संख्या बनाई प्रतिनिधित्व, पहुँच र साधन स्रोत विहिन बनाउने अवस्था सृजना भएको छ । अपबादलाई छाडेर, खस आर्यको जनसंख्यालाई बहुमत बनाई सीमांकन गरी बर्चश्व कायम गराउने गरी अधिकांश गाउँ पालिका र नगरपालिका बनाईएको छ ।

दुईवटा फरक-फरक गा.पा. वा न.पा जोडेर स्वायत्त, विषेश र संरक्षित क्षेत्र बनाउन व्यवहारिकरुपमा नै बनाउन नमिल्ने भएको छ ।

सारमाः पहिलो संविधानसभाले ल्याएको अवधारणा तथा आदिवासी जनजाति, मधेशी र परिवर्तनको पक्षधर जनताको चाहना विपरित र नेपालको विविधतालाई समेट्न नसक्ने हाल नेपालको संघीयता केन्द्रिकृत स्वरुपको छ। यो संघीयता, मधेशी, आदिवासी जनजातिसँग राज्यले गरेको समझौता तथा अन्तरिम संविधान र बिस्तृत शान्ति सम्झौता विपरित रहेको छ ।

**एकात्मक राज्यलाई संघात्मक बनाउनुपर्ने कारण**

पहिलो संविधानसभाले नेपालमा संघीयता किन आवश्यक छ भन्ने विषयमा विभिन्न कारणहरू औंल्याएको थियो । नेपालका सन्दर्भमा राज्यलाई संघात्मक बनाउनुपर्ने कारण यस प्रकार छन्:[1]

- नेपालको विविधता, भाषिक, जातीयता, सामुदायिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, क्षेत्रीय र लैंगिक उत्पीडन,
- सही अर्थमा शक्ति विकेन्द्रिकरण गर्न नचाहने विगतको शासकीय मानसिकता,
- राज्यसँग सबै क्षेत्रका जनताको अपनत्व र स्वामित्व तथा सामिप्य स्थापित गर्न,
- प्रतिनिधित्व र सहभागिताका वृद्धिका निम्ति कमजोर राज्य संरचनालाई बदल्नु पर्ने आवश्यकता,

[1] संविधानसभा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति, अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ पृ.१५

- समानताका पक्षमा एवं केन्द्रिकृत सामन्ती राज्यसत्ताबाट भएको सामाजिक, आर्थिक, राजनीतिक, भाषिक, साँस्कृतिक विभेद, अन्याय र शोषणका विरुद्ध उठेका मधेश अन्दोलन (२०६३) को मूल एजेण्डा,
- समाजको लोकतान्त्रीकरण गर्दै समतामूलक तथा समावेशी लोकतन्त्रको खोजी,
- एकात्मक राज्यले सम्बोधन गर्न नसकेका विषयलाई सम्बोधन गर्ने चाहना,
- जातीय भाषिक र साँस्कृतिक पहिचानको माग,
- समान अधिकारको माग र आर्थिक अवसरमा समान पहुँचको माग,
- सवै प्रकारको विभेद विरुद्ध उठेका वर्गीय, जातीय, महिला र लैंगिक आन्दोलनका आवाजलाई सम्बोधन गर्न,
- राज्यबाट प्रदान गरिने सेवा सुविधामा समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी स्थापित गर्न ।

**पहिचान**

व्यक्ति, जाति, समुह र समुदायलाई  चिनाउने भूमि/थातथलो, आस्था, विश्वास, इतिहास, संस्कृति, समाजिक तथा सामूदायिक चिनारी, सभ्यता, भाषाको समग्र रुप नै पहिचान हो । आफुलाई चिनाउने यी तत्वहरूको बिलय हुनु भनेको अस्तित्व नाश हुनु हो । नेपालमा एकल पहिचान खासगरी हिन्दु खस आर्य पहिचानलाई राज्यले राष्ट्रिय पहिचानको दर्जा दिई यसको एकतर्फी संरक्षण, सर्म्बधन र विकास गरेकै कारण आदिवासी जनजाति, मधेशी, मुश्लिमलगायतका पहिचानको बिस्तारै लोप हुँदै गयो । कतिपय आदिवासी जनजातिको पहिचानलाई जबरजस्ती राज्यले अपराधीकरण गरेको देखिन्छ । उदाहरणको लागि तमाङ, किरातीलगायतका कतिपय आदिवासीहरूले साँस्कृतिक संस्कारहरूमा गाईगोरुको मासुले पूजाआजा गर्छन् । तर हिन्दु, खासगरी बाहुन क्षेत्रीहरूको धर्मसंस्कारमा आधारित कानून बनाई गौबधलाई अपराध बनाइएको छ । आज पनि कैयौ आदिवासीहरू गाईगोरु काटेको अभियोगमा जेल सजाय भोगी रहेका छन् ।

आदिवासीहरूको कैयन आस्था र साँस्कृतिक थलोहरू जबरजस्ती अतिक्रमण गरी हिन्दू मन्दिरहरू बनाउने क्रम निरन्तर छ । पुर्ख्यौली थातथलो, भूमि तथा स्रोतहरूबाट जबरजस्ती विस्थापन गरिने कार्य निरन्तर भइ आएको छ । त्यस्ता विस्थापन कानून बनाएर गरिने गरिएका छन् । जस्तो, भाषा छैन भने संस्कृति हराएर जान्छ र संस्कृति हराए जाति नै लोप भएर जान्छ । त्यसैले भाषा पनि एउटा पहिचान हो । संविधानको धारा ५६ मा पहिचान सहितको संघियताको परिकल्पना गरिएको छ । त्यसैले नेपालको पुनर्संरचना गरिँदा यी पहिचानहरूलाई सम्बोधन गरिनुपर्छ भनी आदिवासी जनजातिहरूले आवाज उठाएका हुन् । यसलाई जातीय राज्य भनी हाल भ्रम फिजाउने काम हुदै आएको छ ।

**पहिचानलाई सम्मान गर्ने, संघीय राज्य भनेको के हो ?**

सम्बन्धित समुदायको पहिचान झल्कने राज्य/प्रदेश/प्रान्त/विषेश क्षेत्र तथा शासन व्यवस्थामा समान हैसियत र अधिकार  तथा साझेदारी शासन व्यवस्था भएको राज्य

पहिचानमा आधारित संघीय राज्य हो । त्यही अनुसारको शासन भन्ने नै पहिचान सहितको संघीय राज्य हो । पहिचान बिलय गराएर होइन सबैको पहिचान सम्बोधन हुनुपर्छ भन्ने नै संघीय राज्यको भावना हो ।

एकात्मक व्यवस्थामा एउटा वर्ग, समुदाय, जातिको मात्र पहिचान गरिएको हुन्छ । अन्यको पहिचान बिलय गरिएको हुन्छ । जस्तो नेपालमा विविध भाषा, धर्म, समुदाय र जाति भएपनि एउटा भाषा, धर्म र जातिलाई मात्र प्राथमिकता दिइएको थियो । जसको कारण देशको न्यायप्रशासन, विधायिका, र कार्यपालिकामा एक समुदायको मात्र हालिमुहाली रहेको थियो । जो अहिलेसम्म रहिआएको छ । त्यसैले नेपालमा राज्य पुनर्संरचाना गरिँदा पहिचान रहने गरी, कुनै पनि समुदायको बसोवास क्षेत्रलाई नफुटाउने भनी संवैधानिक व्यवस्था गरेको छ ।[2]

आदिवासी जनजातिले आफ्नोलागि आफै शासन गर्ने भनेको नै पहिचानसहितको संघीय राज्यमा आत्म-निर्णयको अधिकारको[3] आधारमा राज्यमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकास लगायत आफू सम्बन्धित र सरोकार रहने विषयमा स्वयं निर्णय गर्ने परिस्थिति, अवस्था वातावरणको निर्माण हुनु हो ।

**सहभागिता/प्रतिनिधित्व**

आफुसँग सम्बन्धित वा आफ्ना सरोकार रहने राजनीतिक, कानूनी, आर्थिक, सामाजिक, साँस्कृतिक विकासलगायतका विषयहरूमा गरिने निर्णय प्रक्रियामा अर्थपूर्ण रुपले स्वतन्त बोल्न पाउने र बोलेको विषय निर्णयमा रहने गरी संलग्न हुन पाउनु नै सहभागिताको अधिकार हो । कतिपय निर्णय प्रक्रियामा आफूले भनेको मान्ने आदिवासी समुदाय कै मानिसहरू मात्र बोलाएर निर्णय गर्ने चलन छ । त्यस प्रकारको देखावटी सहभागीता गैरकानूनी सहभागिता हो । त्यस्ता सहभागीताले समधान भन्दा समस्या मात्र बल्झाउँछन् । संविधानमा नै अर्थपूर्ण सहभागिता नभएकै कारण ९० प्रतिशतले जारी गरेको जतिसुकै दाबी गरिएपनि संविधानको स्वीकार्यता र स्वामित्वमा गम्भीर प्रश्न उठेको छ । आदिवासीलाई प्रतिनिधिमूलक, परम्परागत वा उनीहरूले पहिचान गरेका संस्था वा नेतृत्वको माध्यमबाट प्रतिनिधित्व हुन पाउने अधिकार हुन्छ । यो अधिकार मानवअधिकारका कानून अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १६९ को धारा ६ र ७, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा १८ र १९, विश्व आदिवासी सम्मेलनको दस्तावेज लगायतले अहरणीय अधिकारको रुपमा प्रत्याभूत गरेको छ ।सामूदायीक सहभागिताको आदिवासी जनजातिलाई अन्य जनता सरह समान हैसियतमा प्रतिनिधित्व सुनिश्चित गराउने छुट्टै खालको व्यवस्था हो । यस अधिकारमा आदिवासी जनजाति समूदायले आफ्ना प्रथाजनित वा परम्परागत संस्थाबाट आफ्नै तरिकाले प्रतिनिधि चयन गरी राज्य संरचनामा पठाउन पाउँछन् । राजनीतिक दलमार्फत वा सरकार वा शासकले टपक्क टिपेर राखिएका आदिवासी जनजातिहरूले समग्र समूदायको हित र चाहना अनुसार बोल्न वा काम

[2] constitution of Nepal, 2073BS. article 56
[3] UNDRIP article 3, 4

गर्न नसक्ने वा नदिइने भएका कारण अर्थपूर्ण सहभागिताको लागि यो व्यवस्था संघीय राज्यहरूमा गरिन्छ । आदिवासीहरूको राज्यमा अर्थपूर्ण सहभागिता वा प्रतिनिधित्वका थुप्रै तरिकाहरू अपनाइएका छन् । भारतमा ट्राइबल काउन्सिल, कोटा प्रणाली अपनाईएको छ । नर्वे, फिनल्याण्ड, स्वीडेन जस्ता देशहरूमा आदिवासीको विषयमा कानून निर्माणलगायतका काम गर्ने छुट्टै पार्लियामेण्ट (सामी पार्लियामेण्ट) छ । पानामाको कुनायाला कमार्कामा कुना आदिवासीहरूको छुटै राजनीतिक संरचना र व्यवस्थालाई राज्यले मान्यता दिएको छ ।

**अग्रीम जानकारी सहित मन्जुरीको अधिकार** (Free Prior and Informed Consent)
अग्रीम जानकारी सहितको मन्जुरी आदिवासीले आत्मनिर्णयको अधिकारलाई प्रयोग गर्ने एउटा तरिका हो । यो सहभागिमूलक लोकतन्त्रको मुख्य तत्व हो । यसैको आधारमा लोकतान्त्रिक सरकारले वैधानिकता प्राप्त गर्दछ । यो त्यस्तो लोकतान्त्रिक उपाय हो जसले लोकतन्त्रको मूलमर्म जनताद्वारा जनताका लागि शासनलाई व्यवहारमा उतार्छ र सर्वसत्तावाद/निरंकुशबाट मूक्त गर्दछ ।[4] आदिवासी जनजातिलाई प्रभावित पार्ने वा सरोकार रहने जुनसुकै राजनीतिक, प्रशासनीक निर्णय तथा कानूनी, विकास निर्माण, योजना तर्जुमा, परिमार्जन, कार्यान्वयन र मुल्याँकनसमेत गर्दा सरकार, सरकारका निकाय वा सो सम्बन्धी काम गर्ने जोसुकैले अग्री जानकारी सहितको मन्जुरी लिनुपर्दछ । आदिवासीसँग उनीहरूको भूमि प्राकृतिक स्रोतसाधन र उनीहरूलाई प्रभाव पार्ने कुनै पनि काम गर्न पूर्व स्वतन्त्ररुपमा सुसूचित गर्ने, छलफल र परामर्श गरी मन्जुरी लिने काम नै आदिवासीमा रहेको स्वतन्त्र अग्री जानकारी सहितको मन्जुरीको अधिकार हो ।[5] यसको मकसद आदिवासीहरूसँग, सहकार्य, समभ्फदारी र साभ्फेदारी कायम गरी लोकतन्त्रलाई सुदृढ, दीगो शान्ति तथा विकासलाई सुनिश्चित गर्नु हो ।

**पहिचानका आधारमा समानुपातिक सहभागिता**
राज्य संरचना, शासन प्रशासनमा जनसंख्याको अनुपातमा सहभागी/प्रतिनिधित्व गराउने तरिका नै समानुपातिक सहभागिता हो । यो समावेशी लोकतन्त्रको अपरिहार्य तत्व हो । नेपालको संविधानमा आदिवासी जनजातिलगायत २५ समुहलाई राज्यको निकायमा समानुपातिक समावेशीको व्यवस्था गरेको छ । संवैधानिक निकायमा समावेशीको मात्र व्यवस्था छ । तर, यस भन्दाअगाडीको अन्तरिम संविधानमा राज्यको हरेक संरचनामा समानुपातिक सहभागिता आदिवासी जनजाति लगायतका समुहलाई दिइएको थियो । समानुपातिक सिद्धान्त लागू गर्दा कानूनमा एकरुपता छैन । निजामति सेवामा १०० प्रतिशतमा ४५ प्रतिशत सीट छुट्टयाई, त्यसलाई १०० प्रतिशत मानी २७ प्रतिशत आदिवासी जनजातिलाई छुट्टयाइन्छ । त्यसमा प्रतिष्पर्धा गराइन्छ । व्यवहारमा यो प्रतिष्पर्धा खुला प्रतिष्पर्धा भन्दा गाह्रो छ । अप्रत्यक्ष रुपमा यो तरिका समावेशी सिद्धान्तको विरुद्धमा छ ।

---

4 Gregory Fox, “The Right to Political Participation in International Law”, 17 Yale J. Int’l. 539 (1992)

5 UNDRIP article 19, 29

मानिसहरूले आदिवासी जनजातिलाई कोटा छुट्याएको बुझ्ने गर्छन् । तर, वास्तवमा यो यस्तो भागबन्डा हो जसले आदिवासीलाई अत्यन्त थोरै भागमा संकुचित गरी ६५ प्रतिशत खसआर्यको भाग सुनिश्चित गर्दछ । समावेशी भागमा महिला, खसआर्य, पिछडिएको क्षेत्र जस्ता सीट पनि खसआर्यको नै भाग बढाएको छ । समानुपातिक समावेशीको शिद्धान्त अनुरुप संरचना र ऐतिहासिक विभेदमा परेकालाई भाग सुनिश्चित गरिन्छ । तर नेपालको व्यवस्था त्यसको ठीक विपरित छ ।

**आत्मनिर्णयको अधिकार**

मुलतः आफ्नो राजनीतिक व्यवस्था, आर्थिक, सामाजिक र साँस्कृतिक विकास स्वतन्त्र रुपमा निर्धारण गर्न पाउने आत्मनिर्णयको अधिकार आदिवासी जनजातिहरूको छ ।[6] संसारभरका आदिवासी जनजातिहरूले आत्मनिर्णयको अधिकार नभइनहुने अधिकारका रुपमा लिन्छन् । अन्तर्राष्ट्रिय कानूनमा भएको आत्मनिर्णयको अधिकार इन्कार गर्नु भनेको आदिवासी जनजातिहरूलाई हदैसम्म विभेद गर्नु र नश्लवादको संरक्षण गर्नु हो ।[7] सन् २००७ भन्दाअगाडि आत्मनिर्णयको अधिकार जनताले पाउने व्यवस्था संयुक्त राष्ट्रसंघको बडापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध लगायतका अन्तर्राष्ट्रिय कानूनमा लेखिएको थियो । त्यसमा "जनता" शब्दले कसलाई इंगीत गर्न खोजेको किटान थिएन । तर २००७ मा संयुक्त राष्ट्रसंघले आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुनेछ भन्ने किटान गरेपश्चात् कमसेकम अदिवासी जनजाति जनता हुन् भन्ने देखिन्छ ।

अहिले संविधानमा आदिवासीको आत्मनिर्णयको अधिकार उल्लेख गरिएको छैन । यद्यपी, संविधानको धारा ५१(ञ) (८) मा आदिवासी जनजातिको सरोकार रहने निर्णयमा सहभागी गराउने उल्लेख भएको छ । तर यो व्यवस्था उल्लंघन भएमा अदालतमा उजुरी लाग्ने अवस्था छैन । त्यसैले आदिवासी जनजातिसँग सम्बन्धित र सरोकार रहने कैयन निर्णयहरू आदिवासीको सहभागीता र मन्जूरी बिना नै भएका छन् । ती विषयहरूमा आदिवासीले स्वतन्त्र निर्णय गर्न सक्दैनन् । निरन्तर राजनीतिक व्यवस्था तथा संविधानको परिवर्तन पश्चात् पनि आदिवासीहरूको राजनीतिक तथा आर्थिक हैसियत दयनीय छ । निरन्तर रुपमा सामाजिक र साँस्कृतिक विभेद भोगीरहेका छन् । पुर्ख्यौली थातथलो र स्रोतसाधनबाट विस्थापन भइ आएका छन् ।

**स्वायतत्ता र स्वशासन**

आत्मनिर्णयको अधिकार उपभोग गर्ने तीन मार्गहरू स्वयत्तता, स्वशासन र स्वतन्त्र अग्रीम जानकारी सहितको मन्जुरी रहेका छन् । स्वायत्तता भनेको केन्द्रले हस्तक्षेप नगर्ने गरी राजनीतिक, आर्थिक, साँस्कृतिक तथा अन्य विकासका विषयमा सम्बन्धित स्वायत्त क्षेत्रका जनताले आफैं कानून बनाउने, निर्णय गर्ने कार्यान्वयन गर्नेलगायतका

---

6 UNDRIP, article 3,4

7 http://www.iwgia.org/wgia_files_publications_files/IA_3-01.pdf P. 5 visited 4 March 4, 17

अधिकार हो । सामन्यतय मुद्रा, मिलिटरी (बाह्य सुरक्षा) र अन्तरदेशीय सम्बन्ध बाहेकका विषयहरूमा प्रदेश वा स्वायत्त क्षेत्रहरूलाई नै व्यवस्थापन गर्न स्वायत्ततामा दिइएको हुन्छ । यो साझेदारी शासन वा सार्वभौमसत्ताको साझेदारी शासन हो । आदिवासी जनजातिहरूको विशिष्ट अवस्थाका कारण पूर्ण राजनीतिक अधिकार र सर्वाङ्गीण विकास तथा समान प्रतिष्ठाको लागि स्वयत्तताको अधिकार दिने गरिन्छ । उनीहरूको पुर्ख्यौली थलोमा स्वायत्त क्षेत्र स्थापना गरिन्छ । यो आन्तरिक आत्मनिर्णयको पाटो हो । स्वायत्त क्षेत्रहरूको व्यवस्थापनको आवश्यक स्रोतसाधन र तौरतरिका प्रयोग गर्न पाउने अधिकार पनि रहन्छ ।[8] यस्ता स्वायत्तताको विषय संघीय व्यवस्था भएका देशहरूमा संविधानमा नै प्रष्ट किटान गरिएको हुन्छ । भारतको संविधानको छैटौं अनुसूचीमा आदिवासी जनजाति (ट्राइबल/अनुसूचित जाति) को पुर्ख्यौली थलो आसाम, मेघालय, त्रिपुरा र मिजोरममा स्वायत्त जिल्ला र क्षेत्रहरू राखिएका छन् । यी क्षेत्रहरू जिल्ला परिषद्, स्वायत्त परिषद् र क्षेत्रीय परिषद् हुन् । संविधानको धारा २४४(२)अनुसार यी परिषद्हरूलाई विधायिकी, न्यायीक र कार्यपालिकाको बिस्तृत अधिकार दिइएको छ । क्यानाडाको कुवेक प्रान्त र सन् १९९९ मा इन्युट आदिवासीहरूलाई लक्षित गरी क्यानाडाले नुनाभुट स्वायत्त क्षेत्र दिएको छ ।

कुनै राज्यको निर्माण भन्दा अगाडिदेखि  त्यस राज्यको कुनै भुभागमा आफ्नै प्रकारको राज्य तथा शासन व्यवस्था संचालन गरी आएका आदिवासी समुदायलाई त्यसको निरन्तरताको मान्यता दिइनुलाई स्वशासन भन्ने गरिएको छ । आदिवासी जनजातिको राजनीतिक पद्धति, कानून, संस्कृति, भूमि तथा स्रोत व्यवस्थापन र पहिचान सत्ताधारी शासक जातिहरूको पहिचान तथा उनीहरूले मानेको राज्यको पहिचान भन्दा पृथक हुन सक्छ । त्यस्तो अवस्थामा तोकिएका, राजनीतिक, आर्थिक, कानूनी, सामाजिक, साँस्कृतिकलगायतका विषयहरूमा संविधानमा वा छुट्टै कानून बनाएर आदिवासीहरूलाई स्वशासन दिइने गरिन्छ । उदाहरणको लागि डेनमार्कले ग्रीनल्याण्डका इन्युट आदिवासीलाई ग्रीनल्याण्ड गृह कानून (Greenland Home Rule Act1978) जारी गरी ग्रीनल्याण्डीक जनतालाई डेनिस पहिचान भन्दा पृथक र उनीहरूले आफै निर्वाचित सभाको माध्यमबाट कार्यपालिक, विधायिका र विकासलगायतका काम गर्ने अधिकार प्रदान गरिएको छ ।

संयुक्त राष्ट्रसँघका विभिन्न फोरम तथा बैठकहरूमा आदिवासी सरकार (Indigenous Government) भनी सम्बोधन गर्ने गरिन्छ । संयुक्त राष्ट्रसंघको महासभामा आदिवासीहरूको सहभागीता कसरी सुनिश्चित गर्न सकिन्छ भनी विज्ञ टोली गठन गरी अध्ययन भइरहेको छ । यदि महासभामा आदिवासीहरूको सहभागिता सुनिश्चित भएमा (जुन हुने आधारहरू प्रशस्त देखिन्छन्) आदिवासीको स्वशासनले अन्तराष्ट्रिय राजनीतिमा नयाँ आयाम थपि दिने छ ।

---

[8] Article 4 UNDRIP

**सामुदायिक अधिकार**

आदिवासी जनजातिसँग सम्बन्धित अधिकारहरूलाई सामन्य अर्थमा सामुहिक अधिकार (Collective Rights) भनिन्छ । सामुदायिक अधिकारलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानून तथा प्रक्रियाहरूले मान्यता दिएका छन् । सामुदायिक अधिकारले पहिचान सम्बन्धित भएर राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, कानूनी, भूमि तथा प्राकुतिक स्रोत आदिलाई व्याख्या गर्ने गर्छ । आदिवासीहरूले अवलम्बन गरीआएको सामुदायिक राजनीतिक व्यवस्थालाई अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ र आदिवासी अधिकार सम्बन्धी घोषणापत्रले "आदिवासीहरूको परम्परागत संस्था, प्रथा र विशिष्ट राजनीतिक व्यवस्था" भनि संरक्षण, अभ्यास र पुर्नस्थापित गर्ने अधिकार प्रत्याभूत गरेको छ । स्वायत्तता र स्वशासन र अग्रीम जनाकारी सहितको मन्जुरीकोको माध्यमबाट आदिवासीहरूले सामूहिक राजनीतिक अधिकार उपभोग गर्न सक्छन् । आफ्नै प्रक्रियाबाट स्वतन्त्र रुपले प्रतिनिधि चयन गर्न पाउने र त्यही प्रतिनिधिमार्फत राजनीतिक अधिकार अभ्यास गर्न आदिवासीहरूले पाउँछन् ।

**भूमि तथा प्राकृतिक स्रोतको सामुदायिक अधिकार**

भूमि तथा स्रोतमाथिको अधिकार आदिवासीहरूको मौलिक हक हो । आदिवासीहरूको भूमिको बुझाई र परिभाषा पृथक छ । आफ्ना थातथलो, भूमि भूक्षेत्रको संरक्षकत्व (custodian) को हक उनीहरूसँग रहन्छ । उनीहरूका लागि भूमि सम्पत्ति मात्र होइन पहिचान र समग्र जीवन हो । अन्तर्राष्ट्रिय कानूनले आदिवासीहरूले परम्परादेखी भोगी, चर्ची, ओगटी आएका भूमि तथा प्राकृतिक स्रोतसाधनमाथिको अधिकारलाई मान्यता दिन्छ ।

**नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह**

**(लाहुर्निप)**

मुद्रणः हिसी अपसेट प्रिन्टर्स प्रा.लि.